CC-0. In Public Domain. Digitization by eGangotri

तपस्विनी

भरतराज पन्त

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीव दर्शन

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कुमार सम्भवम्

(पञ्चम सर्ग)



तपस्विनी

नेपाली रूपान्तर

CC-0. In Public Domain. Digitization by eGangotri

मूल लेखक—
महाकवि कालिदास

रूपान्तरकार—
भरतराज पन्त साहित्याचार्य
प्राध्यापक-सरस्वती कलेज

प्रकाशक स्वयम्
सर्वाधिकार-लेखकमा
प्रथम संस्करण
एक हजार थान

प्रकाशित तिथि
२०२५ आश्विन १६—विजयादशमी
मूल्य- एक रुपियाँ

मुद्रक—
पशुपति छापाखाना
फसिकेश, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

यो—

प्रयास

उनैलाई !!

जो

अझै

तपस्या

गरिरहेकीछन्

यही हिमाली छायामा !!

रूपान्तरकार—

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नै परेका कुरा–

कल्पनै कल्पनामा रमाउने कवि विश्वको वास्तविक स्थिति थाहा पाउँदैन भन्ने उक्ति गलत गराउँदै आजभन्दा दुइ हजार वर्ष अघि संस्कृत साहित्याकाशका तारा कालिदास उदाए । उनको नाटकीय शैलीद्वारा शहर र गाउँको प्रेम-पूर्ण सम्बन्ध थाहा पाएर जर्मनका विद्वान् मन्त्र मुग्ध भए । सौन्दर्यको उपासना गरेर सत्य कुराको सन्देश दिने शिव बनेका कालिदासले अमर प्रतिभाद्वारा कैयनलाइ कवि र विद्वान् बनाइदिए । कोइलीको बोली, हाँसको हिंडाइ, मृगिणीको हेराइ, हावाले हल्लेका रुख र लहरामा परस्पर आलिङ्गन र चुम्बन देखेर प्रकृतिका मनोहर छटामा आराध्यका प्रतिबिम्बको सुनौला रेखाहरु पनि कोरेर छोडिदिए ।

सुन्दर पदको कला कुँदाई, उपमाको हँसाइ, रसको छचल्काइ, भावहरूको दिव्य फूल फुलाइ

CC-0. In Public Domain. Digitization by eGangotri

आदि विशेषताले विक्रमादित्य राजाका सभासद्, उज्जैनका बासिन्दा। कालिदास पनि कल्पनामय पुष्पक विमानमा विहार गर्दै हिम–चुली, छहरा, नदी, बन हरियाली र गाउँलेहरुको सरल र स्नेहपूर्ण व्यवहार आदि विशेषताले कम्ती नभएको उत्तराखण्ड नेपालमा आइपुगे, नेपाली झैँ बने. यहीं सती देवीका विरहले विरक्तिएका शिव तपस्या गरिरहेका थिए, यहीं ती शिवको सेवा गर्न पर्वत कुमारी आएकी थिइन्, देवताले पठाइएका कामदेव शिवका क्रोधज्वालाले यहीं खरानी भए, सौन्दर्यमा नलोभिने शिवलाइ त्याग तपस्याले रिझाउन खोज्ने पार्वतीलाइ मेनकाको मातृत्वले रोक्न सकेन, ऋषिमुनिले गर्न नसक्ते कठोर तपस्या गर्ने तपस्विनी पार्वती हा शैलपुत्री, ब्रह्मचारिणी, कूष्माण्डा, चन्द्रघण्टा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिरात्री भन्ने अवस्थानुसारका नाम भए। उनको सबभन्दा पहिलो सत्रसर्गे महाकाव्य 'कुमार सम्भवम्' पाँचौ सर्गमा यिनै कुराको बयान हुनाले हाम्रो देश पाशुपत क्षेत्र, तपोभूमि भन्ने यही कुरो सिद्ध हुन्छ। त्यस्तै शिव र पार्वतीको परस्परको तपस्याबाट परिपक्व भएको प्रेमले रूप, यौवन,

CC-0. In Public Domain. Digitization by eGangotri

धन आदि नश्वर बस्तुसित सम्बन्ध नराखेर केवल निर्मल हृदयसितमात्र सम्बन्धित भएको कुरा स्पष्ट हुन्छ ।

ती अमर प्रतिभाका काव्य-शैलीमा खेलवाड गरेर नेपाली रूपान्तरसम्म लेखी यो प्रयासलाइ 'तपस्विनी' भन्ने नाम राखिएको छ । गत वर्ष हिंउँदे छुट्टीमा तयार भएको र आइ. ए. इच्छाधीन संस्कृतको पाठ्यक्रममा पनि रहेको यो 'तपस्विनी' छापिनु परेर पनि अलमलमा परिरह्यो । भाषा व्याकरण, कला, भाव, लालित्य सबै कुरालाइ एकैचोटि समाल्न र समच्छन्दमा रूपान्तर गर्न जुन परिश्रम पर्दछ त्यो यहाँ लेखिरहन पर्दैन । केही मोटामोटी शब्दहरू टिपेर परिशिष्टसम्म राखी छात्रको लागि प्रकाशित गरिएको यो प्रयासलाइ साहित्य—जगतले स्वागत गऱ्यो भने दुङ्गो खोज्दा देवता मिल्ने छ ।

जो सकेको दृष्टि-भ्रम पनि सच्याई शुद्धिपत्र राखिएको छ । कुरा यत्ति हो । विजया—शुभ कामना—सहित नमस्कार !

१६ आश्विन २०२५ विनीत—
विजया—दशमी भरतराज पन्त
पन्तकुटी - कुशलेचौर,
काठमाडौं,

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारसम्भवम्

|

तपस्विनी

CC-0. In Public Domain. Digitization by eGangotri

कुमार सम्भवम्

तथा समक्षं दहता मनोभवं
पिनाकिना भग्न-मनोरथा सती
निनिन्द रूपं हृदयेन पार्वती
प्रियेषु सौभाग्य-फला हि चारुता

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्विनी

भए भसक्कै जब काम सामुमा
हताश भै शङ्करवाट ती उमा
स्वरुप धिक्कार्न पुगिन् मनैमन
प्रियै भए सार्थक बन्छ यौवन

CC-0. In Public Domain. Digitization by eGangotri

इयेष सा कर्तुमवन्ध्यरूपतां
समाधिमास्थाय तपोभिरात्मनः
अवाप्यते वा कथमन्यथा द्वयं
तथाविधं प्रेम पतिश्च तादृशः

निशम्य चैनां तपसे कृतोद्यमाम्
सुतां गिरीश—प्रतिसक्त --मानसाम्
उवाच मेना परिरभ्य बाहुसा
निवारयन्ती महतो मुनिव्रतान्

मनीषिताः सन्ति गृहेषु देवताः
तपः क्व वत्से ! क्व च तावकं वपुः
पदं सहेत भ्रमरस्य पेलवं
शिरीषपुष्पं न पुनः पतत्रिणः

इति ध्रुवेच्छामनुशासती सुतां
शशाक मेना न नियन्तुमुद्यमात्
क ईप्सितार्थ--स्थिर--निश्चयं मनः
पयश्च निम्नाभिमुखं प्रतीपयेत्

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरुप आफ्नो गरिछोड्न सार्थक
तपस्विनी बन्न लिइन् मनोरथ
पवित्र त्यी प्रेम, महेश ती पति
दुवै कुराको तपमात्र हो गति

महेशमा चित्त झुकी तपस्विनी
हुँदैछ छोरी, भनि मेनका सुनी
बुझाउँछिन् आइ गला मिलाउँदै
कडा तपस्या--पथ ती हटाउँदै

हुँदा घरैमा सब पुत्रि ! देवता
कता तपस्या; कलिली तिमी कता ?
शिरीष खप्ला भमरा झुलेतक
झरेर जाला रहँदा चरातक

अडेग इच्छा उपदेशमा रहिन्
हठी छ छोरी भनि मेनका गइन्
तलै बहेको जल, निश्चयी मन
फरक्क फर्काउन सक्छ को जन ?

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचिदासन्न--सखी--मुखेन सा
मनोरथज्ञं पितरं मनस्विनी
अयाचतारण्य -- निवासमात्मनः
फलोदयान्ताय तपः—समाधये

अथानुरूपाभिनिवेश--तोषिणा
कृताभ्यनुज्ञा गुरुणा गरीयसा
प्रजासु पश्चात् प्रथितं तदाख्यया
जगाम गौरी शिखरं शिखण्डिमत्

विमुच्य सा हारमहार्य—निश्चया
विलोल--यष्टि—प्रविलुप्त—चन्दनम्
ववन्ध बालारुणबभ्र वल्कलं
पयोधरोत्सेध —विशीर्ण —संहतिः

यथा प्रसिद्धैर्मधुरं शिरोरुहै
र्जटाभिरय्येवमभूत्तदाननम्
न षट्पद-श्रेणिभिरेव पङ्कजं
सशैवलासङ्गमपि प्रकाशते

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन् सखीका मुखले कुनै दिन
कुरा बुझेका पितृमा निवेदन—
"सबै न हुन्जेल तपः—फलोदय
म पाउँ एकान्त—तपोवनाश्रय"

सुयोग्य प्रस्ताव सुनेर हर्षित
मिलेर आज्ञा गुरुबाट बन्दित
मयूर नाच्ने चुचुरो जनश्रुत—
तुल्याइ गौरी तपमा भइन् रत

झुलेर पुछ्ने सब बक्ष—चन्दन
हटाइ ती हार तपस्विनी हुन
लगाउँ छिन् बल्कल लाल रङ्गको
स्तनोच्चयैले जुन फुट्न खोज्दथ्यो

थियो खुलेको मुख केश-पाशले
जटा हुँदामा उहि माधुरी खुले
छ पद्म उस्तै भमरा झुले पनि
यता उती शैवल थुप्रिए पनि

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिक्षणं सा कृत—रोम-विक्रियां
व्रताय मौञ्जीं त्रिगुणां दधार याम्
अकारि तत्पूर्व—निबद्धया तया
सरागमस्या रशना—गुणास्पदम्

विसृष्ट —रागादधरान्निवर्तितः
स्तनाङ्ग—रागारुणिताच्च कन्दुकात्
कुशाङ्कुरादान—परि—क्षताङ्गुली
कृतोऽक्षसूत्र—प्रणयी तया करः

महार्ह—शय्या—परिवर्तन—च्युतैः
स्वकेश—पुष्पैरपि या स्म द्यते
अशेत सा बाहु—लतोपधायिनी
निषेदुषी स्थण्डिल एव केवले

पुनर्ग्रहीतुं नियमस्थया तया
द्वयेऽपि निक्षेप इवार्पितं द्वयम्
लतासु तन्वीषु विलास—चेष्टितं
विलोल—दृष्टं हरिणाङ्गनासु च

CC-0. In Public Domain. Digitization by eGangotri

घरी घरी चस्स गरी बिझाउने
व्रतार्थ मौञ्जी त्रिसरे छ लाउने
अगाडि कैल्हयै न लगाउनै पऱ्यो
तसर्थ काञ्ची-स्थल लाल भै दियो

छुटाइएको रंग थप्न ओठमा
गुडाउनै कन्दुक बत्त वत्तमा
उही भयो हात कुशाग्रले त्तत
घुमाउने भो जपमालिका कि त

झरेर शय्याबिच फूल केशको
बिझाउँथ्यो कोमल अङ्ग वैंसको
कठै ! गरी हात सिरान भूमिमा
त्यसै लडेकी तपनिम्तिमा उमा

पछाडि फिर्ता लिनलाइ पार्वती
लगेर नासोसरि राख्तछिन् कि ती
विलास—लीला कलिला लतासित
कटाक्ष— चाञ्चल्य मृगीहरूसित

CC-0. In Public Domain. Digitization by eGangotri

अतन्द्रिता सा स्वयमेव वृक्षकान्
घट—स्तन — प्रस्रवणै र्व्यवर्धयत्
गुहोऽपि येषां प्रथमाप्त—जन्मनां
न पुत्र—वात्सल्यमपाकरिष्यति

अरण्य- बीजाञ्जलि-दान-लालिता
तथा च तस्यां हरिणा विशश्वसुः
यथा—तदीयै नयनैः कुतूहलात्
पुरः सखीनाभिमिमीत लोचने

कृतभिषेकां हुत—जातवेदसं
त्वगुत्तरासङ्गवतीमधीतिनीम्
दिदृक्षव स्तामृषयो ऽ भ्युपागमन्
न धर्मवृद्धेषु वयः समीक्ष्यते

विरोधि — सत्वोज्झित—पूर्वमत्सरं
द्रुमै--रभीष्ट--प्रसवा—र्चिता—तिथी
नवोटजाभ्यन्तर—सम्भृतानलं
तपोवनं तच्च बभूव पावन

CC-0. In Public Domain. Digitization by eGangotri

भरेर पानी स्तन मैं घडाभरी
बढाउँछिन् वृक्ष बनेर जाँगरी
कुमार जन्मे पनि दाजु वृक्षको
हटी नजालासरि स्नेह पुत्रको

दिएर शामा अँजुली रत्याउँदा
पत्याइ बस्ने मृग साथ पाउँदा
कुतूहलैलेसरि आफ्नु लोचन
जुझाउँछिन् सामु रही सखीजन

नुहाइ नित्यै हवनादि गर्दछिन्
लगाउँछिन वल्कल, पाठ गर्दछिन्
अडेर हेर्थे ऋषिवृन्द सामुमा
उमेर, हेरिन्छ र धर्म-वृद्धमा ?

विरुद्ध प्राणी रिस छोडि बस्तछन्
यथेच्छ आतिथ्य रुखै दिलाउँछन्
बली रहेको कुटिया हुताशन
पवित्र त्यो बन्नगयो तपोवन

CC-0. In Public Domain. Digitization by eGangotri

यदा फलं पूर्व-तपः--समाधिना
न तावता लभ्यममंस्त काङ्क्षितम्
तदानपेक्ष्य स्वशरीरं--मार्दवं
तपो महत्सा चरितुं प्रचक्रमे

क्लमं ययौ कन्दुक-लीलयापि या
तया मुनीनां चरितं व्यगाह्यत
ध्रुवं वपुः काञ्चन-पद्म-निर्मितं
मृदु प्रकृत्या च ससारमेव च

शुचौ चतुर्णां ज्वलतां हविर्भुजां
शुचिस्मिता मध्यगता सुमध्यमा
विजित्य नेत्र-प्रतिघातिनीं प्रभा--
मनन्यदृष्टिः सविलारमैक्षत

तथातितप्तं सवितुर्गभस्तिभि--
र्मुखं तदीयं कमल-श्रियं दधौ
अपाङ्गयोः केवलमस्य दीर्घयोः
शनैः शनैः श्यामिकया कृतं पदम्

CC-0. In Public Domain. Digitization by eGangotri

अभीष्ट त्यो प्राक्तन-पुण्यले जब
न पाइने नै ठहरी गयो तब
न राखि वास्ता मृदुता शरीरमा
उमा भइन् व्यस्त कठोर कर्ममा

गलिन् अघी कन्दुक-खेलले पनि
अहो ! तपस्वी हुन खोज्दथिन् तिनी
सुवर्णकै पद्म रहेछ अङ्ग त्यो
लचक्क जाने दरिलो समेतको

जगाइ चारैतिर अग्नि जेठमा
बसी बिचैमा सुमुखी सुमध्यमा
टपक्क टिप्ने नयन-प्रभा पनि
जुधेर हेर्थिन् रबि-बिम्बमा तिनी

रनक्क तात्यो रवि-रश्मिले जब
समान भो आनन पद्मले तब
परन्तु लामा दुइ नैनका कुना
अली अली भै थपिंदो छ कालिमा

CC-0. In Public Domain. Digitization by eGangotri

अयचितोपस्थितमम्बु केवलं
रसात्मकस्योडुपतेश्च रश्मयः
वभूव तस्याः किल पारणाविधि-
र्न वृक्ष वृत्ति--व्यतिरिक्त-साधनः

निकाम-तप्ता विविधेन वन्हिना
नभश्चरेणेन्धन--सम्भृतेन सा
तपात्यये वारिभिरुक्षिता नवै-
र्भुवा सहोष्माणममुञ्चदूर्ध्वगाम्

स्थिताः क्षणं पक्ष्मसु ताडिताधराः
पयोधरोत्सेध--निपात-चूर्णिताः
बलीषु, तस्याः स्खलिताः प्रपेदिरे
चिरेण नाभिं प्रथमोदबिन्दवः

शिलाशयां तामनिकेत--वासिनीं
निरन्तरास्वन्तरवात ---- वृष्टिषु
व्यलोकयन्नुन्मिषितैस्तडिन्मयै--
र्महातपः साक्ष्य इव स्थिताः पाक्षः

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं चुहेका शशिका सुधाहरू
नमागिएका जलदेखि क्यै अरू
न पारणा भो उनको कुनै त्यहाँ
रुखै थिए साधन ती लिने जहाँ

अतीव तातिन् रविले र अग्निले
वितेपछी जेठ, नवीन मेघले
नयाँ पयो—बिन्दु परेर अङ्गमा
धरासँगै बाफ उडाउँछिन् उमा

अडे परेलाबिच, ओठ हानिए
स्तनोच्चयैमा छरिएर बैरिए
रही उमाका त्रिवली—विशेषमा
गे पयो—बिन्दु बगेर नाभिमा

हुरी झरीले घनघोर रातमा
रहिन् शिलामा बिनुबासमा उमा
उघारि आँखा बिजुली वरिपरी
बनिन् कि साक्षी तपमा विभावरी ?

CC-0. In Public Domain. Digitization by eGangotri

निनाय साऽत्यन्त-हिमोत्किरानिलाः
सहस्यरात्रीरुदवास -- तत्पराः
परस्पराक्रन्दिनि चक्रवाकयोः
पुरो वियुक्ते मिथुने कृपावती

मुखेन सा पद्म-सुगन्धिना निशि
प्रवेपमानाधर—पत्र—शोभिना
तुषार--वृष्टि --अत---पद्मसम्पदां
सरोज--सन्धानमिवाकरोदपाम्

स्वयं विशीर्ण-दुम-पर्ण-वृत्तिता
परा हि काष्ठा तपसस्तया पुनः
तदप्यपाकीर्णमतः प्रियम्बदां
वदन्त्यपर्णेति च यां पुराविदः

मृणालिकापेलवमेवमादिभि--
र्व्रतैः स्वमङ्गं ग्लपयन्त्यहर्निशम्
तपः शरीरैः कठिनैरुपार्जितं
तपस्विनां दूरमधश्चकार सा

CC-0. In Public Domain. Digitization by eGangotri

चिसो चिसो स्याँठ छ पूसमासका
डुबी जलैमा अनि चक्रवाकका--
रुने वियोगी दुइ दम्पतीबिच
कृपालु भै रात बिताउँथिन सब

थिए मुख-श्वास सुगन्ध पद्म झैं
चलीरहेका मृदु-ओठ पत्र झैं
तुषारले पद्म निमाख भो जहाँ
तलाउमा पद्म जडाउँछिन् त्यहाँ

स्वयं झरेका रुख--पात भोजन
भयो तपस्या हृदको त्यही पुनः
त्यजिन् त्यसैले उनलाइ सज्जन
सँधै 'अपर्णा' भनि गर्छ कीर्तन

यिनै व्रतैले दिनहूँ गलाउँदी
मृणाल झैं कोमल अङ्ग पार्वती
कमाइएको तप अङ्गले कडा
जिती तपस्वीहरूमा भइन् खडा

CC-0. In Public Domain. Digitization by eGangotri

अथाजिनाषाढधरः प्रगल्भवाक्
ज्वलन्निव ब्रह्ममयेन तेजसा
विवेश कश्चिज्जटिलस्तपोवनं
शरीरबद्धः प्रथमाश्रमो यथा

तमातिथेयी बहुमान-पूर्वया
सपर्यया प्रत्युदियाय पार्वती
भवन्ति साम्येऽपि निविष्टचेतसां
वपुर्विशेषेष्वतिगौरवाः क्रियाः

विधिप्रयुक्तां परिगृह्य सत्क्रियां
परिश्रमं नाम विनीय च क्षणम्
उमां स पश्यन् ऋतुनैव चक्षुषा
प्रचक्रमे वक्तुमनुज्झित-क्रमः

अपि क्रियार्थं सुलभं समित्कुशं
जलान्यपि स्नान-विधि-क्षमाणि ते
अपि स्वशक्त्या तपसि प्रवर्तसे
शरीरमाद्यं खलु धर्मसाधनम्

CC-0. In Public Domain. Digitization by eGangotri

पलाश, कृष्णाजिन औ जटा धरी
स्वतेजले बल्छ धपक्क झैं गरी
प्रवेश भो वाक्पटु विप्रवर्यको
त्यहाँ शरीरैसरि ब्रह्मचर्यको

थिइन् बिछट्टै अतिथि--प्रिया उमा
निकै गरिन् आदर विप्र--वर्यमा
समान कक्षा तपको भए पनि
परस्परातिथ्य रुचाउँछन् मुनि

लिएर सत्कार हटाइ क्यै श्रम,
पुलुक्क हेरेर, पवित्र भै मन,
न हत्पताई वटुले क्रमैसँग
कुरा उठाए नग-नन्दिनीसँग

क्रियार्थ मिल्छन् समिधा तथा कुश ?
नुहाउने योग्य छ के जलादिक ?
गरी तपस्या पनि तागती रह्यौ ?
शरीर हो साधन धर्मको, बुझ्यौ ?

CC-0. In Public Domain. Digitization by eGangotri

अपि त्वदावर्जित—वारि—सम्भृतं
प्रवालमासामनुबन्धि बीरुधाम्
चिरोज्झितालक्तक—पाटलेन ते
तुलां यदारोहति दन्त-वाससा

अपि प्रसन्नं हरिणेषु ते मनः
करस्थ-दर्भ-प्रणयापहारिषु
य उत्पलाक्षि ! प्रचलैर्विलोचनै—
स्तवाक्षि—सादृश्यमिव प्रयुञ्जते

यदुच्यते पार्वति ! पापवृत्तये
न रूपमित्यव्यभिचारि तद्वचः
तथा हि ते शीलमुदारदर्शने !
तपस्विनामप्युपदेशतां गतम्

विकीर्ण-सप्तर्षि-बलि-प्रहासिभि—
स्तथा न गाङ्गैः सलिलैर्दिवश्च्युतैः
यथा त्वदीयैश्चरितैरनाविलै—
र्महीधरः पावित एष सान्वयः

CC-0. In Public Domain. Digitization by eGangotri

बढाइएका तिमिले दिई जल
यिनै लता-पल्लव छन् सकौशल ?
नलाइ लाजी पनि लाल देखिने
समान तिम्रा मृदु ओठले हुने

थुती लिंदामा पनि हातको कुश
कुरङ्गमा छौ त तिमी सदा खुश ?
तिमीसंगै पङ्कजलोचने ! बसी
लगाउँछन् जो चल-नेत्रको कसी

'स्वरुप ता होइन पाप-भाजन'
भनिन्छ जो पार्वति ! त्यो छ उत्तम
तपस्विकोनिर्म्मित पथ-प्रदर्शक
स्वभाव नै पावन-दृष्टिको छ त

सुहाइ सातै ऋषिबाट पूजिई
भएन- गङ्गा-जल खूब वैरिई
पवित्र भो यो नग-राजको कुल
अवश्य तिम्रै तपले सुमङ्गल

CC-0. In Public Domain. Digitization by eGangotri

अनेन धर्मः सविशेषमद्य मे
त्रिवर्ग-सारः प्रतिभाति भाविनी
यया मनो निर्विषयार्थकामया
यदेक एव प्रतिगृह्य सेव्यते

प्रयुक्त-सत्कार-विशेषमात्मना
न मां परं संप्रतिपत्तुमर्हसि
यतः सतां सन्नतगात्रि! सङ्गतं
मनीषिभिः साप्तपदीनमुच्यते

अतोऽत्र किञ्चिद्भवतीं बहुक्षमां
द्विजाति-भावादुपपन्न-चापलः
अयं जनः स्प्रष्टुमनास्तपोधने!
न चेद्रहस्यं प्रतिवक्तुमर्हसि

कुले प्रसूतिः प्रथमस्य वेधस—
स्त्रिलोक-सौन्दर्यमिवोदितं वपुः
अमृग्यमैश्वर्य-सुखं नवं वयः
तपः-फलं स्यात्किमतः परं वद?

CC-0. In Public Domain. Digitization by eGangotri

मलाइ ता धर्म र अर्थ, कामसा
विशिष्ट धर्मै ठहऱ्यो यथार्थमा
जहाँ चटक्कै भुलि अर्थ-काम नै
भजी रहीछयौ यदि धर्म एक नै

विशेष सत्कार स्वयं गरीकनै
मलाइ अन्यत्र नठान है कुनै
नताङ्गि ! सत्सङ्गत सन्त जान्दछन्
त्यसै हुँदा 'साप्तपदीन' मान्दछन्

यहाँ त्यसैले तकलीफमा पनि
स्वभावले बाहुन चञ्चले बनी
कुनै कुरा सोध्छु म हे तपोधने !
छिपाउने क्यै नभए सफा भने

छ जन्म बिख्यात बिरिञ्चि-वंशमा
अलभ्य सौन्दर्य छ यो त्रिलोकमा
छ ऐश सम्पत्ति नबीन यौवन
विपाक अर्कौं तपको छ के भन ?

CC-0. In Public Domain. Digitization by eGangotri

भवत्यनिष्टादपि नाम दुःसहा—
न्मनस्विनीनां प्रतिपत्तिरीदृशी
विचार-मार्ग-प्रहितेन चेतसा
न दृश्यते तच्च कृशोदरि ! त्वयि

अलभ्य-शोका-भिभवेयमाकृति—
र्विमानना सुभ्रु । कुतः पितुर्गृहे
पराभिमर्शो न तवास्ति कः करं
प्रसारयेत्पन्नग-रत्न-सूचये

किमित्यपास्याभरणानि यौवने
धृतं त्वया वार्धक-शोभि वल्कलम्
वद प्रदोषे स्फुट-चन्द्र-तारका
विभावरी यद्यरुणाय कल्पते

दिवं यदि प्रार्थयसे वृथा श्रमः
पितृ-प्रदेशास्तव देवभूमयः
अथोपयन्तारमलं समाधिना
न रत्नमन्विष्यति मृग्यते हि तत्

CC-0. In Public Domain. Digitization by eGangotri

मनस्विनीको मति क्यै अनिष्टमा
कते त यस्तो हुन सक्छ बिश्वमा
बिचार गर्दा त कृशाङ्गि ! देखितन
अनिष्ट त्यस्तो तिमिमा पऱ्यो कुन ?

न शोकको लेश, न वा अनादर,
छ माइतैमा पनि वैमनस्य र ?
न हातपातै अरुदेखि हुन्छ र ?
फणी छ ज्यूँदै मणि के हरिन्छ र ?

फुकालि सारा गहना उमेरमा
लगाउँछयौ वल्कल योग्य वृद्धमा
सुहाइ नक्षत्र र चन्द्र साँझमा
विभावरी के भन लिन्छ लालिमा ?

परिश्रमै व्यर्थ छ स्वर्ग रोजिंदा
छ माइती स्वर्ग उपत्यका जुदा
कि चाहना भो पतिको पुग्यो तप
जुहार रोजिन्छ न किन्तु रोज्दछ

CC-0. In Public Domain. Digitization by eGangotri

निवेदितं निश्वसितेन सोमया
मनस्तु मे संशयमेव गाहते
न दृश्यते प्रार्थयितव्य एव ते
भविष्यति प्रार्थित-दुर्लभः कथम्

अहो! स्थिरः कोऽपि तवेप्सितो युवा
चिराय कर्णोत्पल-शून्यतां गते
अपेक्षते यः श्लथ-लम्बितोर्जटाः
कपोल-देशे कलसाम्र-पिङ्गलाः

मुनिव्रतैस्त्वामतिमात्र-कर्शितां
दिवाकराप्लुष्ट-विभूषणास्पदाम्
शशाङ्क-लेखामिव पश्यतो दिवा
सचेतसः कस्य मनो न दूयते

अवैमि सौभाग्यमदेन वञ्चितं
तव प्रियं यश्चतुरावलोकिनः
करोति लक्ष्यं चिरमस्य चक्षुषो
न वक्त्रमात्रीनमराल-पक्ष्मणः

CC-0. In Public Domain. Digitization by eGangotri

छ धीर्य निश्वास कुरा बुझे पनि
गलाइ ता संशय लाग्छ तेपनि
कतै तिमीले पनि छैन रोजिने
हुने छ रोज्दा कसरी न पाइने ?

छ धैर्य-धारी कुन चाहिं त्यो युवा
कपोल कर्णोत्पल-हीन देखिंदा
कुन्ने पहेंला भइ घान झैं जटा
विचार गर्दैन अझै बसी कता ?

जतादिले गात्र सबै गलीसक्यो
सिंगारिने आनन घामले सुक्यो
कठै ! तिमी छयौ दिनकी शशाङ्क झैं
कहाँ रहन्थ्यौ मन हो भने अझै ?

न जानि तिम्रो महिमा स्वरुपको
हिली परेको धनु झैं कटाक्षको
अझै निशाना नबनेर लुम्बिछ
म ठान्छु त्यो नायकलाइ बञ्चित

CC-0. In Public Domain. Digitization by eGangotri

कियच्चिरं श्राम्यसि गौरि ! विद्यते
मयापि पूर्वाश्रम-सञ्चितं तपः
तदर्धभागेन लभस्व काङ्क्षितम्
वरं तमिच्छामि च साधु वेदितुम्

इति प्रविश्याभिहिता द्विजन्मना
मनोगतं सा न शशाक शंसितुम्
अथो वयस्यां परिपार्श्व वर्तिनी
विवर्तितानञ्जन-नेत्रमैक्षत

सखी तदीया तमुवाच वर्णिनं
निबोध साधो तव चेत्कुतूहलम्
यदर्थमम्भोजमिवोष्ण--वारणं
कृतं तपः--साधनमेतया वपुः

इयं महेन्द्रप्रभृतीनधिश्रिय—
श्चतु-- र्दिगीशानवमत्य मानिनी
अरूपहार्यं मदनस्य निग्रहात्
पिनाक-पाणिं पतिमाप्तुमिच्छति

CC-0. In Public Domain. Digitization by eGangotri

त्सर्थ काट्छयौ कति कष्ट पार्वती !
छ पुण्य मेरो पनि पूर्वको, त्यति—
लिएर आधा, सफला तिमी बन
भजीरहेको वर चाहिं हो कुन ?

वसेर सोधे बटुले कुरा यति
खुलस्त भन्नै न सकी लजाउँदी
घुमाइ आँखा उनले निरञ्जन
गर्दिन् इशारा सह-गामिनीकन

सखी उमाकी बटुकाथ भन्दछिन्—
छ साख ? हे सज्जन ! सुन्नु हेस त फन्
निर्मल जेको कमलातपत्र झैं
शरीर सम्झिन् तपमात्र गर्न नै

धनाढ्य ईन्द्रादिक चार दिक्पति
यिनी कसैलाइ नटेरि पार्वती
पिनाक-धारी शिव पाउँ भन्दछिन्
उनी जिती काम न रूप हेर्दछन्

CC-0. In Public Domain. Digitization by eGangotri

असह्य-हुङ्कारः निवर्तितः पुरा
पुरारिमप्राप्त-मुखः शिजीमुखः
उमां हृदि व्यायत-पातमक्षिणोत्
विशीर्ण-मूर्तेरपि पुष्पधन्वनः

तदाप्रभृत्युन्मदना पितुर्गृहे
ललाटिका-चन्दन-धूसरालका
न जातु बाला लभते स्म निर्वृतिं
तुषार-संघात-शिलातलेष्वपि

उपात्तवर्णे चरिते पिनाकिनः
सबाष्प-कण्ठ-स्खलितैः पदैरियम्
अनेकशः किन्नर-राज-कन्यका
वनान्त-सङ्गीत-सखीररोदयत्

विभाग-शेषासु निशासु च क्षणं
निमील्य नेत्रे सहसा व्यबुध्यत
क्व नीलकण्ठ ! व्रजसीत्यलक्ष्यया —
प्रसक्त-कण्ठार्पित-बाहु-बन्धना

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहार गर्दा अघि फर्किएर जो
सुनेर हुङ्कार असह्य शंभुको
उमा यिनैमा अनि बाण त्यो बिभयो
बितीसकेका पनि कामदेवको

भइन् यिनी माइतमै वियोगिनी
कपालमा चन्दन थोपरे पनि
न पाउँछिन् चैन ठिटी भए पनि
हिमाल-चट्टानबिषे सुते पनि

चरित्र भन्दा 'शिव' अक्षरै सुनिन्
यसै यसै गद्गद कण्ठ भै गइन्
वनान्तमा गीत भुलाइ गाउने -
समेत वी किन्नर--कन्यका रुने

यसो झकाईकन रातमा पनि
उठेर बाँकी प्रहरै छँदा यिनो
कता गयौ हे शिवजी ! भनी भनी
अँगालि रित्तोसँग बोल्दथिन् पनि

CC-0. In Public Domain. Digitization by eGangotri

यदा बुधैः सर्वगतस्त्वमुच्यसे
न वेत्सि भावस्थमिमं कथं जनम् ?
इति स्वहस्तोल्लिखितश्च मुग्धया
रहस्युपालभ्यत चन्द्रशेखरः

यदा च तस्यधिगमे जगत्पते—
रपश्यदन्यं न विधिं विचिन्वती
तदा सहास्माभिरनुज्ञया गुरो—
रियं प्रपन्ना तपसे तपोवनम्

द्रुमेषु सख्या कृत-जन्मसु स्वयं
फलं तपःसाक्षिषु दृष्टमेष्वपि
न च प्ररोहाभिमुखोऽपि दृश्यते
मनोरथोऽस्याः शशि-मौलि-संश्रयः

न वेद्मि सः प्रार्थित-दुर्लभः कदा
सखीभिरस्मोत्तरवीक्षितामिमाम्
तपः कृशामभ्युपपत्स्यते सखीं
वृषेव सीतां तदवग्रहक्षताम्

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी जगद्-व्यापक हौ भने किन
मलाई यस्तो स्थितिमा भुल्यौ भन ?
भनेर लेखी शिव-चित्र हातले
सुनाउँथिन् गुप्त रही प्रलापले

न पाइने ईश्वर ती भए जब
लिएर आज्ञा नग-राजको तब
मिलेर हामीसँगमा हिंडी गइन्
तपोवनै रोजि तपस्विनी भइन्

लगाइएका यिनले यिनै रूख
बने तपस्यासँगमा फलोन्मुख
न ता पलायो कहिल्यै अझैतक
लिईरहेको शिवनिम्तिको व्रत

कतै मिलेनम् तपले भजे पनि
सखी निहाछौं सब अश्रु-लोचनी
महेश फिर्लान् कहिले म जान्दिन
बनी खडेरीविच वादले दिन

CC-0. In Public Domain. Digitization by eGangotri

अगूढ--सद्भावमितीङ्गितज्ञया
निवेदितो नैष्ठिक-सुन्दरस्तया
अवीदमेवं परिहास इत्युमा-
मपृच्छदव्यञ्जित—हर्ष—लक्षणः

अथाग्र—हस्ते मुकुलीकृताङ्गुलौ
समर्पयन्ती स्फटिकाक्षमालिकाम्
कथञ्चिदद्रेस्तनया मिताअरं
चिर--व्यवस्थापित—वागभाषत

यथा श्रुतं वेदविदां वर ! त्वया
जनोऽयमुच्चैः---पद—लङ्घनोत्सुकः
तपः किलेदं तदवाप्ति—साधनं
मनोरथानामगतिर्न विद्यते

अथाह वर्णी विदितो महेश्वरः
यदर्थिनी त्वं पुनरेत वर्तसे
अमङ्गलाभ्यास—रतिं विचिन्त्य तं
तवानुवृत्तिं न च कर्तुमुत्सहे

CC-0. In Public Domain. Digitization by eGangotri

जसै भनीथिन् सब भाव भित्रको
तिनै सखीले, बटुले बुझी निको
दबाइ उद्वेग भने उमाकन—
"कि सत्य हो या उपहास हो भन ?"

छ कोपिला अङ्गुलि दाहिने कर
लिएर माला त्यसले यतातिर
अडी अडी ती गिरिजा बताउँछिन्
थुनी रहेको मृदु-कण्ठ खोल्दछिन्

सुनेजती वैदिक—विप्र ! ठीक हो
म आज ठूलो पदलाइ रोज्छु हो
त्यही पदैनिम्ति गरिन्छ यो तप
कहाँ नपुग्ला मनको मनोरथ ?

सुनी भने ती बटुले-"अहो सुनें
उनै महादेव तिमी चिताउने
हुँदा स्वभावै उनको अमङ्गल
सहायतामा कसरी गरूँ बल !

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्तु-निर्वन्ध-परे ! कथं नु ते
करीऽयमामुक्त---विवाह---कौतुकः
करेण शम्भोर्वलयीकृताहिना
सहिष्यते तत्प्रथमावलम्बनम्

त्वमेव तावत् परिचिन्तय क्षणं
कदाचिदेते यदि योगमर्हतः
वधूदुकूलं कलहंस----लक्षणं
गजाजिनं शोणित-बिन्दुवर्षि च

चतुष्क---पुष्प---प्रकरावकीर्णयोः
परोऽपि को नाम तवानुमन्यते
अलक्तकाङ्कानि पदानि पादयोः
त्रिकीर्ण--केशासु परेत--भूमिषु

अयुक्तरूपं किमतः परं वद
त्रिनेत्रवक्षः सुलभं तवापि यत्
स्तनद्वयेऽस्मिन् हरिचन्दनास्पदे
पदं चिता-भस्म-रजः करिष्यति

CC-0. In Public Domain. Digitization by eGangotri

हठी बनेकी किन ? हेर हातमा
विवाहको मङ्गलसूत्र साथमा
महेशको हात छ सर्प वेढिने ?
सकिन्छ पैल्हे कसरी समाउने ?

बिचार आफै पहिले तिमी गर
मिलाप यस्तो कहिं योग्य हुन्छ र ?
टलक्क सारी रजहाँस लाञ्छन्
चुही रहेको रगतै गजाजिन

हिंडाइने फूल बिछाइ चोकमा
कपाल हाडै छरिने चिहानमा
लगाइएका दुइ पाउ माहुर
छ ठीक तिम्रो कुनचाहिं भन्छ र ?

अयोग्य होला यसदेखि के अनि
त्रिनेत्र-वक्षःस्थल रोज्नु मानिनि !
उरोज यी चन्दन रोज लेपिने
मसानको भस्म हुनेछ पोतिने

CC-0. In Public Domain. Digitization by eGangotri

दूयं च तेऽन्या पुरतो विडम्बना
यदूढया वारण--राज--हार्यया
विलोक्य वृद्धोक्षमधिष्ठितं त्वया
महाजनः स्मेरमुखो भविष्यति

द्वयं गतं सम्प्रति शोचनीयता
सभागम-प्रार्थनया पिनाकिनः
कला च सा कान्तिमती कलावत--
स्त्वमस्य लोकस्य च नेत्र--कौमुदी

वपुर्विरूपाक्षमलक्ष्य-जन्मता
दिगम्बरत्वेन निवेदितं वसु
वरेषु यद्बालमृगाक्षि ! मृग्यते
तदस्ति किं व्यस्तमपि त्रिलोचने

निवर्तयास्मादसदीप्सितात्मनः
क्व तद्विधस्त्वं क्व च पुण्यलक्षणा
अपेक्षते साधुजनेन वैदिकी
श्मशान-शूलस्य न यूप-सत्क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

चढाइ हात्तीबिच ल्याइने तिमी
चढ्यौ बुढो गोरुबिपे सँगै भनी
समाज हाँस्ला थपडी बजाउँदै
बिडम्बना यो पनि सोच है सँधै

तिमो जगत्की पनि नैन चाँदनी
कला कलीला विधुको सफा पनि
गरी शिवैको सहवास चाहना
भए दुबै शोच्य समस्त लोकमा

विरूप आँखा, कुलको न थाह छ
दिगम्बरैको धन के अथाह छ ?
चुनिन्छ जो जो बरमा हुने गुण
त्रिलोचनैमा छ त सुन्दरी कुन ?

हटाउ इच्छा मनबाट त्यो यहाँ
कहाँ तिमी लच्छिनकी र त्यो कहाँ
पवित्र मौलो लिन वेद—वर्णित
मसान-टीलो पनि रोज्छ पण्डित ?"

CC-0. In Public Domain. Digitization by eGangotri

इति द्विजातौ प्रतिकूल-वादिनि
प्रवेपमानाधर---लक्ष्य-कोपना
विकुञ्चित--भ्रूलतमाहिते तया
विलोचने तिर्यगुपान्त-लोहिते

उवाच चैनं परमार्थतो हरं
न वेत्सि नूनं यत एवमात्थ यम्
अलोक-सामान्यमचिन्त्य-हेतुकं
द्विषन्ति मन्दाश्चरितं महात्मनाम्

विपत्प्रतीकार--परेण मङ्गलं
निषेव्यते भूति-समुत्सुकेन वा
जगच्छरण्यस्य निराशिषः सतः
किमेभिराशोपहतात्म-वृत्तिभिः

अकिञ्चनः सन् प्रभवः स सम्पदां
त्रिलोकनाथः पितृसद्म—गोचरः
स भीमरूपः शिव इत्युदीर्यते
न सन्ति याथार्थ्यविदः पिनाकिन

CC-0. In Public Domain. Digitization by eGangotri

बनेर उल्टा बटुले कुरा गरे
बिगारिए भौं, दुइ नैन रङ्गिए,
चले निकै ओठ, कुरै बने बिष
उमा त्यहीं मुर्मुरिइन् उठी रिस

जवाफ छोडिन्-"तिमीले यसो भन्यौ
महेशको वास्तव रूप के चिन्ह्यौ ?
अचिन्त्य अव्यक्त तथा अलौकिक-
हुँदा, महात्मा शठ गर्छ बकबक

विपत्ति पन्छाउनलाइ मङ्गल
भजिन्छ यद्वा भइ भोग--चञ्चल
जितेर तृष्णा रहने जगत्पति
रुचाउँदैनन् मति बिग्रने गति

गरीब छन् ती दिन सक्दछन् धन
मसान रोज्छन जगतै बचाउन
भयङ्करै छन् शिव—नाम—विश्रुत
यथार्थ जान्ने प्रभुलाइ को छ त ?

CC-0. In Public Domain. Digitization by eGangotri

बिभूषणोद्भासि पिनद्ध--भोगि वा
गजाजिनालम्बि दुकूल-धारि वा
कपालि वा स्यादथवेन्दु-शेखरो
न बिश्वभूर्त्तेरवधार्यते बपुः

यदङ्ग-संस्पर्शमवाप्य कल्पते
ध्रुवं चिता-भस्म-रजो विशुद्धये
तथा हि नृत्याभिनय-क्रिया--च्युतं
बिलिप्यते मौलिभिरम्बरौकसाम्

असम्पदस्तस्य वृषेण गच्छतः
प्रभिन्न-दिग्बारण-बाहनो वृषा
करोति पादावुपगम्य मौलिना
बिनिद्र-मन्दार-रजोरुणाङ्गुली

विवक्षता दोषमपि च्युतात्मना
त्वयैकमीशं प्रति साधु भाषितम
यमामनन्त्यात्मभुवोऽपि कारणं
कथं स लक्ष्य-प्रभवो भविष्यति

CC-0. In Public Domain. Digitization by eGangotri

कि नागमाला अथवा बिभूषण
कि रेशमी वस्त्र कि वा गजाजिन
कपालमाली कि त इन्दुशेखर
विराटको निश्चित रूप हुन्छ र ?

मिलेर सम्पर्क महेश--अङ्गको
चिता--खरानी पनि हुन्छ शुद्ध त्यो
बिभूत भै ताण्डवमा झन्यो लव
लगाउँछन् देव सबै सगौरव

गरीब हिंड्छन् शिव गोरुमै चढी
परन्तु; ऐरावतबाट ओलिई—
सुरेशले पाउ घुँदा किरीटले
रंगिन्छ औंलाहरु पारिजातले

शठै बनी शङ्करलाइ दूषित
तुल्याउँदा एक कुरा त ठीक छ
स्वयं विधाता जसबाट जन्मिए
कुलै उसैको कसरी चिनिन्छ ए !

CC-0. In Public Domain. Digitization by eGangotri

अलं विवादेन यथा श्रुतस्त्वया
तथाविधस्तावदशेषमस्तु सः
ममात्र भावैकरसं मनः स्थितं
न कामवृत्तिर्वचनीयमिष्यते

निवार्यतामालि ! किमप्ययं वटुः
पुनर्विवक्षुः स्फुरितोत्तराधरः
न केवलं यो महतोऽपभाषते
शृणोति तस्मादपि यः पापभाक्

इतो गमिष्याम्यथवेति वादिनी
चचाल बाला स्तन-भिन्न-वल्कला
स्वरुपमास्थाय च तां कृतस्मितः
समाललम्बे वृषराज-केतनः

CC-0. In Public Domain. Digitization by eGangotri

बिवाद भैगो तिमीले चिन्हेसरि
भईरहून् शंकर पागलैसरि
बस्यो उनैको रस भावमा मन
अठोट इच्छा, गर्निदैन लाञ्छन

हटाइदेऊ यसलाइ हे सखि !
चलाउँदो ओठ छ केहि बोल्छ कि
गरेर निन्दा न कि माननीयको
सुने पनी बन्दछ पात्र पापको

म जान्छु आफै अथवा, भनी यती
हिंडिन् छिचोली स्तन-वस्त्र पर्वती
स्वरूप खोली हँसिलो मुहारले
टपक्क पक्रे प्रमथाधिराजले

CC-0. In Public Domain. Digitization by eGangotri

तं वीक्ष्य वेपथुमती सरसाङ्गयष्टि
र्निक्षेपणाय पदमुद्धृतमुद्वहन्ती
मार्गाचल-व्यतिकराकुलितेव सिन्धुः
शैलाधिराजतनया न ययौ न तस्थौ

अद्य प्रभृत्यवनताङ्गि ! तवास्मि दासः
क्रीत स्तपोभि-रितिवादिनि चन्द्रमौलौ
अन्हाय सा नियमजं क्लममुत्ससर्ज
क्लेशःफलेन हि पुनर्नवतां विधत्ते

कुमार सम्भवम्

पञ्चम सर्ग

समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

देखेर, कम्पित बनी, पसिना निकाली
पाऊ पलाउन समेत यसै उचाली
छेक्ने पहाड उभिंदा सरिता-समान
ती पार्बती न त गइन् र सकिन न बस्न

'दासै किन्यौ तप दिईकन आजदेखि
हे सुन्दरी !' यति कुरा शिवको सुनेकी
बिर्सिन् थकाइ तपको उनले भुसुक्क
फल्दा परिश्रम नयाँ अनुभूति मिल्छ

नेपाली रूपान्तर
तपस्विनी
समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

सच्याउनु पर्ने

पाना	पंक्ति	बेठिक	ठिक
९	७	नयनैः	र्नयनैः
,,	९	कृत···	कृता···
१३	१	अय···	अया
१५	७	अत	क्षत
२३	४	क्तशोदरि	कृशोदरि
२५	६	कर्णोत्यल	कर्णोत्पल
,,	१०	स्धदाम्	स्पदाम्
३१	५	तस्य	तस्या॥

—यसदेखि अरु जो हुक गएको आफै सच्याउनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट—

तपस्या-पथ-तपस्याको तरीका। तपः-फलोदय-तपस्या सफल। एकान्त—तपोवनाश्रय-एकान्त तपोवनको वास। वन्दित-मान्य। जनश्रुत-प्रसिद्ध। वक्ष-छाती। स्तनोच्चय-स्तनको ऊचाइ। केशपाश-चुल्ठो। शैवल-भयाउ। व्रतार्थ-व्रतको लागि। मौञ्जी-मूजको डोरी। त्रिसरे-तीनसरे। काञ्ची—स्थल-कम्मर। कुशाग्र-कुशको टुप्पा। कुतूहल-चाख। धर्मवृध्द धर्मनिपुण। हुताशन-आगो। अभीष्ट-चिताएको कुरा। मृदुना-नरमी। सुमध्यमा-राम्रो कम्मर भएकी। नयनप्रभा-आँखाको टक। रवि-बिम्ब-सूर्यमण्डल। आनन—मुख। पारणा-व्रतपछिको, भोजन। त्रिवली बिशेष-पेटका खुम्चा। पयो-बिन्दु-पानीका थोपा। बिभावरी-रात। चक्रवाक-चखेवा। मृणाल-कमलको डाँठ। कृष्णाजिन-कालो मृगको छाला।

CC-0. In Public Domain. Digitization by eGangotri

विप्रवर्य ब्रह्मचारी। अतिथि प्रिया-पाहुनालाई प्यारो मान्ने। परस्परातिथ्य-आफू आफूमा सत्कार नगनन्दिनी-पार्वती। क्रियार्थ कामकोनिम्ति। सकौशल-आनन्द। क्रङ्ग-मृग। पङ्कजलोचन-कमल जस्तो आँखा भएको। चलनेत्र-चंचल आँखा। पावन-दृष्टि-पवित्र दृष्टि। नगराज-हिमालय। नताङ्गि-नम्र भएकी। साप्तपदीन-सात शब्द बोलिने सात पाइला हिंडिने। निरञ्जन गाजल नभएको। विरिञ्चिवंश-ब्रह्माको कुल। अलभ्य—नपाइने। विपाक-नतीजा। कृशाङ्गि-पातली। कपोल—गाला। कर्णोत्पलहीन—कानमा राखिने कमल नभएको। कमलातपत्र—कमलको छाता। फलोन्मुख-फल लागेको। गजाजिन—हात्तीको छाला। त्रिनेत्रवक्षःस्थल--शिवको छाती। वेदवर्णित—वेदले बताएको। अव्यक्त—नछुट्टिने। अलौकिक-अनौठा। विश्रुत-प्रसिध्द। कपालमाली—मुण्डमाला लाउने। इन्दुशेखर-चन्द्रमा शिरमा भएका। सुरेश-ईन्द्रः। किरीट-मुकुट। प्रमथाधिराज-शिव। सरिता-नदी। अनुभूति—अनुभव।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको अर्को प्रकाशित कृति—

जून की री

वि.सं.२०२३ को उपहार शास्त्रीय छन्द, सुन्दर शैली, मीठो लय, राम्रो भाव र मार्मिक अनुभूतिले भरिएका कविताहरू आजै किनेर पढ्नुहोस् । थोरै थान मात्र बाँकी छ । पाइने ठाउँ-रत्न पुस्तक भण्डार । मूल्य— तीन रुपियाँ मात्र ।

प्रकाशित हुन तयार—

आधुनिक कविता संग्रह